लुम्बिनी प्रदेश सरकार
ईमेल:
mofesc.lumbini@gmail.com

# वन तथा वातावरण मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

सूचनाको हक सम्बन्धि ऐन,२०६४ को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम स्वतःप्रकाशन गर्नुपर्ने विवरण

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको भावना बमोजिम सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशन गर्नु पर्ने कानूनी व्यवस्था बमोजिम देहायका सूचना सूचिकृत गरि प्रकाशन गरिएको छ ।

(आ.व.२०८२/०८३ को श्रावण देखि पौष महिना सम्मको विवरण)

## १.निकायको स्वरुप र प्रकृति

लुम्बिनी प्रदेशमा वन वन्यजन्तु जैबिक बिबिधता तथा वातावरण क्षेत्रको विकास, विस्तार र समृद्धि गर्ने जिम्मेवारी सहित यस मन्त्रालय स्थापना भई सञ्चालनमा रहेको छ। प्रदेश भित्रको वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन, वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता , जलाधार सम्बन्धी नियमन र व्यवस्थापन, वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि र नियमन गर्ने यस मन्त्रालयको मुख्य जिम्मेवारी रहेको छ ।

## २. निकायको काम, कर्तब्य र अधिकार

प्रदेश सरकार (कार्य विभाजन) नियमावली अनुसार यस मन्त्रालयको कार्यक्षेत्र अनुसारका मुख्य जिम्मेवारीहरू देहाय बमोजिम रहेका छन् ।

- प्रदेशस्तरमा वन र वनक्षेत्र सम्वन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन
- वन्यजन्तु र वन पैदावार ओसारपसार सम्वन्धी नियमन र अपराध नियन्त्रण
- वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन
- प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन
- हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन

वरिष्ठ वन अधिकृत

- जडिबुटी खेती प्रविधि प्रर्वद्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा, तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याङ्क संकलन
- वन तथा वातावरण सम्बन्धी बिषयमा प्राविधिक सूचना तथा सेवा प्रबाह
- वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्वन्धी नीति, समन्वय र सहयोग
- प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरीयमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्वन्धी नीति र व्यवस्थापन
- प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थपन, नियमन, संरक्षण एवम् लाभांश बाँडफाँट
- प्रदेशस्तरमा जलाधार संरक्षण नीति नीति, प्रविधि विकास, व्यवस्थापन र कार्यान्वयन
- प्रदेशभित्र भूस्खलन नियन्त्रण
- प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन
- प्रदेशस्तरमा वातावरण सम्वन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना
- प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार
- प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन
- प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा बिद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण
- खानेपानी, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवं गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन
- प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन
- प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन
- प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिबृद्धि, वातावरणीय सुशासन तथा परीक्षण
- भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, बर्गीकरण, संरक्षण र व्यवस्थापन
- संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण
- प्रदेशमा पर्यापर्यटनको विकास सम्वन्धी योजना तर्जुमा र कार्यान्वयन ।
- अन्तरप्रदेशीय नदी उकास तथा सडक किनार वृक्षरोपण व्यवस्थापन
- वृक्षरोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउबगैंचा स्थापना र व्यवस्थापन
- प्रदेशभित्र वृक्षरोपण तथा सम्भार सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशभित्र जडिबुटि तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन
- वन्यजन्तु र चराचुरुङ्गी सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन आदी ।

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

वरिष्ठ वन अधिकृत

३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

यस मन्त्रालय अन्तर्गत कार्यरत कर्मचारीहरुको विवरण

जम्मा कर्मचारी दरबन्दी: ११४ (स्थायी ११४, अस्थायी ०)

हाल जम्मा कार्यरत: १०३ जना (दरवन्दी: ९४, करार: ९)

रिक्त पद संख्या: २९

मन्त्रालयमा वरिष्ठ फरेष्टर/फरेष्टरको संख्या ७१ रहेकोमा १ जना यसै मन्त्रालय र बाँकी विभिन्न डिभिजन वन कार्यालयहरुमा कामकाज गर्न खटाईएको ।

४. *निकायबाट* प्रदान गरिने सेवा,प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी,सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

४.१ निकायबाट प्रदान गरिने सेवा

| प्रदान गरिने सेवाको किसिम | सेवा प्राप्त गर्न पेश गर्नुपर्ने बिवरण | सेवा प्राप्त गर्न लाग्ने | | सेवा दिने शाखा/ कर्मचारी |
|---|---|---|---|---|
| | | शुल्क | समय | |
| प्रदेशको वन ब्यवस्थापनमा भएका समस्या तथा गुणासो ब्यवस्थापन | लिखित/मौखिक अनुरोध | निशुल्क | सेवाको प्रकृति हेरि ७ दिन देखि ३ महिना सम्म | बन ब्यवस्थापन, योजना तथा अनुगमन महाशाखा |
| वातावरणीय जोखिम न्यूनिकरण तथा प्राकृतिक प्रकोप ब्यवस्थापन | समूह/समितिको निर्णय(माइन्युट)को फोटोकपि, सम्बन्धित पालिका/ वडाको सिफारिश पत्र, सहितको निवेदन । | निशुल्क | प्राथमिकताको आधारमा ७ दिन भित्र कार्य शुरु | भु संरक्षण तथा जैबिक बिबिधता महाशाखा र वातावरण तथा जलवायु परिवर्तन महाशाखा |
| जनशक्ति ब्यबवस्थापन तथा गुणासो ब्यबस्थापन | लिखित/मौखिक अनुरोध | निशुल्क | प्राथमिकताको आधारमा ७ दिनमा गुणासो सम्बोधन तथा जनशक्ति ब्यबस्थापन बर्षभर | प्रशासन महाशाखा |
| वातावरणीय अनुगम तथा वातावरणीय राजश्व संकलन | ,, ,, | निशुल्क | प्राथमिकताको आधारमा ७ दिन भित्र कार्य शुरु | वातावरण व्यवस्थापन तथा अनुगमन शाखा |
| अध्ययन, अनुसन्धान प्रविधि विकास, सूचना प्रणाली तथा वनक्षेत्रका योजना निर्माण एवं ऐन तथा निर्देशिका निर्माण तथा कार्यान्वयन | ,, ,, | निशुल्क | प्राथमिकताको आधारमा | बजेट, कार्यक्रम तथा योजना शाखा |
| क्षमता विकास, प्रचारप्रसार तथा अन्य प्राबिधिक सहयोग | ,, ,, | निशुल्क | प्राथमिकताको आधारमा ७ दिन भित्र कार्य शुरु | सबै शाखा |
| अन्य प्रशासनिक सेवा | लिखित/मौखिक अनुरोध | निशुल्क | सेवाको प्रकृति हेरि तुरुन्तै | प्रशासन शाखा |
| लेखा सम्बन्धि सेवा | लिखित अनुरोध | निशुल्क | नियमानुसार तुरुन्तै | आर्थिक प्रशासन शाखा |

लुम्बिनी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपाल

वरिष्ठ वन अधिकृत

### ४.२ शाखा र जिम्मेवार अधिकारी

| क्रसं | महाशाखा/शाखा | कर्मचारी | पद | कैफियत |
|---|---|---|---|---|
| १ | | श्री प्रमोद भट्टराई | सचिव | |
| २ | वन व्यवस्थापन, योजना अनुगमन महाशाखा, भु-संरक्षण तथा जैविक विविधता महाशाखा र वातावरण तथा जलवायु परिवर्तन महाशाखा | श्री महेन्द्र राज वाग्ले | वन निर्देशक (अधिकृतस्तर दशौं) | |
| ३ | प्रशासन महाशाखा | श्री प्रेम प्रसाद आचार्य | उपसचिव | |
| ४ | प्रशासन शाखा | श्री विक्रम के.सी. | शाखा अधिकृत (अधिकृतस्तर सातौं) | |
| | | याम बहादुर के.सी. | अधिकृत (अधिकृत छैठौं) | |
| ५ | वन व्यवस्थापन तथा वन उद्यम शाखा र पर्यापर्यटन, वन र वन्यजन्तु संरक्षण शाखा | श्री वीरेन्द्र कुमार रोका | वरिष्ठ वन अधिकृत (अधिकृतस्तर आठौं) | |
| ६ | वजेट, कार्यक्रम तथा योजना शाखा र तथ्याङ्क व्यवस्थापन अनुगमन शाखा | श्री टोलकराज चापागाँई | वरिष्ठ वन अधिकृत (अधिकृतस्तर आठौं) | |
| | | श्री बसुन्धरा आचार्य | रेन्जर (सहायकस्तर पाँचौं) | |
| ७ | तथ्याङ्क व्यवस्थापन अनुगमन शाखा | श्री पंकज झा | वन अधिकृत (अधिकृतस्तर सातौं) | |
| ८ | जलवायु परिवर्तन शाखा | श्री मनोज न्यौपाने | वरिष्ठ वन अधिकृत (अधिकृतस्तर आठौं) | |
| ९ | जैविक विविधता तथा जडिवुटी विकास शाखा | श्री शान्ती शर्मा भुषाल | वरिष्ठ वैज्ञानिक अधिकृत (अधिकृतस्तर आठौं) | |
| | | श्री परिवेश पोखरेल | वोटानी प्राविधिक (सहायकस्तर पाँचौं) | |
| १० | वातावरण व्यवस्थापन तथा अनुगमन शाखा र जलवायु परिवर्तन शाखा | श्री निर्मल चौधरी | वरिष्ठ वातावरण निरिक्षक (अधिकृतस्तर आठौं) | |
| ११ | आर्थिक प्रशासन शाखा | श्री धन बहादुर नेपाली | अधिकृत लेखा ( अधिकृतस्तर आठौं) | |
| १२ | भु संरक्षण शाखा | | | हाल रित्त |
| १३ | कानुन शाखा | श्री प्रेम प्रसाद पन्थी | कानुन अधिकृत (रा.प.तृतिय) | |
| | | | | |

लुम्बिनी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपाल

वरिष्ठ वन अधिकृत

*५.निर्णय गर्ने प्रक्रिया र अधिकारी*

प्रचलित ऐन, नियम, निर्देशिका, कार्यविधि समेतको अधिनमा रहि सचिवबाट निर्णय हुने ।

*६. निर्णय उपर उजुरी सुन्ने अधिकारी*

शाखाको सेवा प्रवाहमा महाशाखा प्रमुखले उजुरी सुन्ने र महाशाखा प्रमुखको सेवा प्रवाहमा सचिवले उजुरी सुन्ने ।

*७. सम्पादन गरेको कामको विवरण*

*यस अवधिमा गरिएका मुख्य मुख्य कार्यहरुको विवरण निम्न बमोजिम रहेको ।*

१. आ. व. २०८१/०८२ को वार्षिक प्रगति समिक्षा तथा आ.व. २०८२/०८३ को प्रथम त्रैमासिक प्रगति समिक्षा सम्पन्न गरेको ।

२. जडिवुटी प्रवर्द्धनका लागि कृषक, व्यावसायी र प्राविधिक विच सिकाई आदान प्रदान अवलोकन भ्रमण सम्पन्न ।

३. वन ऐन, २०७८ संशोधनका लागि मस्यौदा तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालयको सहमतिलिई मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गरेको ।

४. वन नियमावली, २०७९ संशोधनका लागि मस्यौदा तयार गरी सहमतिका लागि आर्थिक मामिला तथा योजना मन्त्रालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा पठाएको ।

५. दर्ता भएका निजी वनबाट साल प्रजातीका रुख (कटान, उपयोग, ओसारपसार, विक्री वितरण तथा नियमन) सम्वन्धि निर्देशिका, २०८२ मो मस्यौदा तगार गरी आर्थिक मामिला तथा योजना मन्त्रालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालयको सहमतिलिई मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गरेको ।

६. दुई वटा डिभिजन वन कार्यालयहरुको आवधिक वन व्यवस्थापन योजना स्विकृत गरेको ।

७. प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन तयारिका लागि तयार पारिएको ३२ वटा कार्यसुची *(TOR)* स्विकृत गरेको ।

८. वातावरणिय परिक्षण प्रतिवेदनमा व्यवस्था भए बमोजिम ४ वटा अनुगमन निरिक्षण गरेको ।

९. डिभिजन वन कार्यालय, बर्दिया अन्तर्गत वन्यजन्तुबाट भएको ३ जना मानविय क्षति (मृत्यु) को राहतका लागि जनही १० लाखका दरले रु. ३० लाख वितरणका लागि लेखि पठाएको । त्यसै गरी लुम्विनी प्रदेशका विभिन्न डिभिजन अन्तर्गत वन्यजन्तुबाट भएको २ वटा मानविय क्षति (सामान्य घाइते) का लागि रु. ६४,६१५।- र ९४ घटनामा भएको पशुधन क्षतिका लागि रु. १२,९७,३००।- राहत वितरण गर्ने निर्णय भएको ।

१०. अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा अन्तर्गतका कार्यालयहरुमा उजुरी परी छानविनका लागि आएका १९ वटा उजुरीहरु मध्य १० वटा उजुरीहरुको छानविन पुरा गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा अन्तर्गतका कार्यालयहरुमा छानविन प्रतिवेदन पठाएको र बाँकी रहेका ९ वटा उजुरीहरु छानविनको प्रक्रियामा रहेको ।

लुम्बिनी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपाल

वरिष्ठ वन अधिकृत

## ८. सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद

| सुचना अधिकारी | कार्यालय प्रमुख |
|---|---|
| नाम: वीरेन्द्र कुमार रोका | नाम: प्रमोद भट्टराई |
| पद: वरिष्ठ वन अधिकृत | पद: सचिव |
| तह: अधिकृतस्तर आठौं | श्रेणी: रा.प.प्र. |
| सम्पर्क नं.: ९७६४३४५६१२ | सम्पर्क नं.: ९८५७०७५६६६ |
| ईमेल: birendraroka@gmail.com | ईमेल: mofesc.lumbini@gmail.com |

## ९. ऐन, नियम,विनियम,निर्देशिकाको सूची

१.नेपालको सविधान २०७२

२.वन नीती, २०७५

३.वन ऐन, २०७६,वन नियमावली २०७९, प्रदेश वन ऐन २०७८ र प्रदेश वन नियमावली, २०७९

४.राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, २०२९

५.राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण नियमावली,२०३०

६.संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३

७.वातावरण संरक्षण ऐन, २०७६, प्रदेश वातावरण संरक्षण ऐन २०७७

८.वातावरण संरक्षण नियमावली, २०७७, प्रदेश वातावरण संरक्षण नियमावली २०७७

९.सामुदायिक वनको निर्देशिका,२०५२

१०. निजी वन विकास निर्देशिका, २०६८

११.वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०८०

१२.सामुदायिक वनको काठ, दाउरा संकलन तथा बिक्री वितरण निर्देशिका, २०७१

१३.वन्यजन्तु आखेटोपहार व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७२

१४.राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधि, २०७६

१५. व्यवसायिक प्रयोजनका लागि कबुलियती वन उपलब्ध गराउने कार्यविधि,२०६८

१६. सरकरी रुखहरु हटाउने सम्बन्धी मापदण्ड, २०७१

१७. निजामती सेवा ऐन, २०४९

१८ निजामती सेवा नियमावली, २०५०

१९. सार्वजनिक खरीद ऐन,२०६३ र सार्वजनिक खरीद नियमावली, २०६४

२० सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५

२१ सङकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय ब्यापार यिन्त्रण ऐन २०७३ र सङकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय ब्यापार यिन्त्रण नियमावली २०७६

२२. लुम्बिनी प्रदेशको वन सम्बर्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड २०७९

२३. प्रदेश सरकार (कार्य विभाजन) नियमावली २०७९

लुम्बिनी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपाल

वरिष्ठ वन अधिकृत

*१०.स्वीकृत वार्षिक कार्यक्रम (आम्दानी,खर्च तथा आर्थिक कारोवार सम्बन्धि) र सो को प्रगति विवरणः*

२०८२ श्रावण १ गते देखि २०८२ पौष मसान्त सम्मको प्रगति विवरणः

| क सं | कार्यक्रम | जम्मा बजेट ( रु लाखमा) | खर्च बजेट ( रु लाखमा) | कैफियत |
|---|---|---|---|---|
| १ | वन तथा वातावरण मन्त्रालय | ६४२.२७ | १३४.८४ | |
| २ | वन, वन्यजन्तु, जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम | ६३९.०० | १७.५१ | |
| ३ | जडिवुटी तथा गैरकाष्ठ वन पैदावार विकास कार्यक्रम | ५०० | ४१७.३८ | |
| ४ | भु-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम | ९२.०० | ०.०० | |
| ५ | वातावरण तथा जलवायु अनुकुलन कार्यक्रम | ७५.०० | ०.२२ | |
| ६ | वन उद्यम र पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम | ६०.०० | ११.२९ | |
| ७ | कृषि वन तथा बृहत्तर हरियाली प्रवर्द्धन | २०.०० | ०.०० | |
| ८ | भु संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम | ९२.०० | ०.०० | |
| ९ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) | ५८.०० | ०.०० | |

११.तोकिए बमोजिमका अन्य विवरणः- छैन

*१२.यस निकायको वेबसाईड भए सो को विवरणः*-:-**www.moitfe.lumbini.gov.np**

१३. यस निकायले प्रास गरेको बैदेशिक सहायता,ऋण,अनुदान एवं प्राविधिक सहयोग र संझौता सम्बन्धि विवरणः-

- यस प्रकारको सहयोग नभएको ।

*१४.यस निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगतिः- बुँदा नं.१० मा उल्लेख गरिएको ।*

लुम्बिनी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपाल

वरिष्ठ वन अधिकृत

१५. यस निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः-

- छैन ।

*१६.यस निकायमा परेका सूचना माग सम्बन्धि निवेदन र सो उपर सूचना दिईएको विषयः-*

- यस अवधिमा मिति २०८२/०७/२६ गते माग भएको श्री उच्च अदालत लुलसीपुर, बुटवल इजलासबाट जारी भएको परमादेशको आदेश कार्यान्वयन सम्वन्धि सुचना मिति २०८२/०८/०५ गते उपलव्ध गराईएको ।

*१७. यस निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरणः-*

- छैन ।

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल